दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१

वर्ष ३७ | अंक १४० | बुटवल | २०८२ जेठ ०३, गते शनिबार | नेपाल संवत ११४५ | Saturday May.17, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

गौतमबुद्ध विमानस्थलको सकस :

# जग्गा अधिग्रहण र मुआब्जामाथि छानबिनको माग

**सार्वजनिक लेखा उप–समिति सदस्यहरुले आवश्यकताभन्दा बढी कमसल जग्गा खरिद गरिएकाले छानबिनको माग गरिरहेका छन् । तर उपसमिति संयोजकविहीन छ ।**

**टिआर शर्मा**

*बुटवल*

उद्घाटन भएको तीन वर्ष पुगिसक्दा समेत अन्तर्राष्ट्रिय उडानहरु नियमित हुन नसकेर आलोचित बनिरहेको बेला गौतमबुद्ध विमानस्थलको जग्गा अधिग्रहण र मुआब्जा वितरणको विषय पनि विवादमा तानिएको छ ।

विमानस्थलका लागि झण्डै एक दशक अघि पटक-पटक गरेर ४ सय ५२ बिघा जग्गा अधिग्रहण गरी साढे २२ अर्ब ६८ करोड रुपैयाँ मुआब्जा वितरण गरिएको थियो ।

अहिले विमानस्थलको कूल जग्गा ८०६ बिघा छ। जसमा धावनमार्ग सहित इन्टरफेन्सभित्रको जगा ३१० बिघा छ । बाँकी आउटर फेन्स भित्र छ । नर्थवेस्ट सिभिल एयरपोर्ट कन्स्ट्रक्सन ग्रुप चाइनाले बनाएको विमानस्थलको रन वे पूर्व-पश्चिम दिशामा ३ किलोमिटर लम्बाई र ६० मिटर चैडाइको छ ।

सार्वजनिक लेखा समितिअन्तर्गतको उपसमिति सदस्यहरुले रनवे भन्दा दक्षिणतर्फ भारतको सीमाभन्दा डेढ किलोमिटर उत्तरसम्म खोलाको आसपासको ठूलाठूला भंगालो (खाल्डा) आसपासमा आवश्यकता नै नभएको कमसल जग्गा ठूलो परिमाणमा खरिद गरी अर्बौं रकम मुआब्जा बांड्नुका पछाडि नीतिगत र आर्थिक भ्रष्टाचार लुकेको भन्दै थप छानवीन गर्नुपर्ने माग गरेका छन् ।

सार्वजनिक लेखा समिति सदस्य एवं पूर्व संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री प्रेम आलेले पोखरा अन्तर्राष्ट्रिय विमानस्थल तीन सय बिघामा बनेको उदाहरण दिँदै भैरहवा विमानस्थललाई बढीमा चार सय बिघा मात्रै भए पनि काफी हुनेमा आठ सय बिघा जग्गा कुन प्रयोजनका लागि आवश्यक भयो त्यसको औचित्य पुष्टी हुन नसककाले सरासर भ्रष्टाचारका लागि गरिएको आरोप लगाए ।

आलेले पोखरा विमानस्थलको भ्रष्टाचार ट्रेलर मात्र भएको र असली फिल्म भैरहवामा देखिने बताउँदै आएका छन् ।

नागरिक उड्डयन प्राधिकरणकै उच्च तहका कर्मचारीको सेटिङमा किसानसंग प्रतिबिघा तीन-चार लाखमा जग्गा किनेर बिचौलियामार्फत प्लटिङ गरी सडक बनाएर प्रति कठ्ठा २० लाखसम्म मूल्य कायम गराई मुआब्जा बांडेर राज्यलाई निकै ठूलो आर्थिक भार थोपरेको आलेको आरोप छ ।

सांसदहरुले आवश्यक नै नभएको कमसल जग्गा खरिद गरी मुआब्जा बांडेको विषयमा छानवीनको माग गरिरहेका बेला नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान) ले भने विज्ञप्ति निकालेर प्रष्टिकरण दिएको छ ।



तर उपसमिति सदस्यहरुले उक्त विज्ञप्तिको अर्थ नभएको भन्दै जग्गा अधिग्रहण र मुआब्जा वितरणको विषयमा गहिरो छानवीन र अनुसन्धान आवश्यक देखिएको बताएका छन् ।

उपसमिति सदस्य स्वतन्त्र सांसद अमरेशकुमार सिंहले सिंगल रन वेको विमानस्थलका लागि आवश्यकभन्दा बढी जग्गा अधिग्रहण गरिएकाले ठूलै अनियमितताको आशंका रहेको बताउंछन् ।

'जग्गा अधिग्रहण प्रकृया र मुआब्जा वितरणमाथि ठूलो प्रश्न उठेको छ'- सिहंले भने-'स्थानीय किसानबाट बिचौलियाले सस्तोमा किनेर सडक नभएको जग्गामा पछि सडक बनाएर महंगो दरमा मुआब्जा बुझ्केको गुनासाहरु आएका छन्, यी सबै प्रकृया अनुसन्धान हुनुपर्ने देखिएको छ ।'

उनले स्थानीय किसानबाटै जग्गा खरिद भएको छ कि बिचौलियाबाट भएको छ, त्यो जग्गा कतिपटक किनबेच भएको छ ? त्यसको मिति खोजेर अनुसन्धान गर्नुपर्ने देखिएको बताए ।

रास्वपा सांसद मनिषकुमार झाले विमानस्थलको जग्गा अधिग्रहण र मुआब्जा वितरणमाथि गम्भीर आशंकाहरु रहेकाले गहिरो छानवीन हुनुपर्ने बताए ।

'विमानस्थलका भौतिक संरचना निर्माणमा बरु त्यति धेरै प्रश्नहरु छैनन्, तर जग्गा अधिग्रहण र मुआब्जा वितरणमाथि गम्भीर प्रश्नहरु उठेका छन्,' झाले भने-'हामीले अध्ययन गरिरहेका छौं,क्यानको विज्ञप्ति आउंदैमा सबै ठीकठाक रहेछ भन्न मिल्दैन, बरु थप गहिरोसंग छानवीन गर्नुपर्ने हुन्छ ।'

उपसमिति सदस्य राप्रपा सांसद विक्रम पाण्डेले विमानस्थलका लागि रन वे भन्दा दक्षिणतर्फ खरिद गरिएको जग्गाको स्थलगत अवलोकन गर्दा नै त्यहां छानवीन हुनुपर्ने प्रष्ट देखिने बताए । 'त्यो जग्गा हेर्ने हो भने आफै थाहा हुन्छ, त्यहाँ के के भएको छ, धेरै बोल्नैपर्दैन ।'- पाण्डेले भने ।

उपसमिति सदस्य एवं एमाले सांसद अच्युत मैनालीले छिटै उपसमितिको संयोजक चयन गरेर प्रश्न उठेका विषयहरुमा छानवीन गरिने बताए ।

'यसअधिका संयोजक माननीय योगश भट्टराईमाथि प्रश्न उठेपछि उहां नबस्ने हुनुभयो, ले बस्दिन भनिसक्नुभएको छ, नयां संयोजकका लागि एकपटक बसेको बैठकमा सहमति हुन सकेन, बुधबार (हिजो) बस्ने भनेको वैठक केही माननीयज्यू बाहिर भएकाले हुन सकेन, अब छिटै संयोजक चयन गरेर छानवीन अघि बढ्छ'-मैनालीले भने-'स्थलगत निरीक्षण गर्ने क्रममा जग्गा अधिग्रहण र मुआब्जा वितरणमा समेत प्रश्नहरु उठेका छन्, प्रश्न उठेपछि अनुसन्धान गरेर राय दिन्छौं र पोखार विमानस्थलको जस्तै सर्वसम्मत प्रतिवेदन तयार हुन्छ ।'

उपसमिति सदस्य कांग्रेस प्रमुख सचेतक समेत रहेका श्यामकुमार घिमिरेले भैरहवा विमानस्थल निर्माणका क्रममा आवश्यकभन्दा बढी जग्गा किनेर बढी मूल्याङ्कन गरिएको भन्ने प्रश्न उठेको बताए । उनले उपसमिति संयोजक योगेश भट्टराई संयोजकबाट हटेपछि उपसमितिले तयार गरिरहेको प्रारम्भिक प्रतिवेदनलाई अन्तिमरुप दिन समेत नसकिएको बताए । 'जग्गा अधिग्रहण र मुआब्जाको विषयमा प्रश्नहरु उठेका छन्, अब नयां संयोजक चयन भएपछि प्रतिवेदन तयार गरेर लेखा समितिलाई बुझाउने काम हुन्छ, त्यति बेला मात्रै अनियमितता भए नभएको थाहा हुन्छ ।'-घिमिरेले भने ।

उपसिमितिले विमानस्थल निर्माणका क्रममा भ्रष्टाचार र अनियमिततामाथि छानबिन नै नगरी प्रारम्भिक प्रतिवेदन तयार पारेपछि विवाद सुरु भएको चर्चा चलेपनि घिमिरेले प्रतिवेदन तयार नभएको जिकिर गरे । सार्वजनिक लेखा समितिले गत वर्षको जेठ २७ मा गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल निर्माण सम्पन्न हुँदा पनि सञ्चालनमा आउन नसकेको तथा निर्माणमा त्रुटि रहेको उजुरी परेको भन्दै स्थलगत अध्ययन तथा अनुगमन गर्न उपसमिति गठन गरेको थियो। सोही दिन राप्रपा सांसद राजेन्द्र लिङ्देनको संयोजकत्वमा पोखरा अन्तर्राष्ट्रिय विमानस्थल निर्माणका क्रममा भएका अनियमितता र भ्रष्टाचार छानबिन गर्न उपसमिति गठन गरिएको थियो ।

» **बाँकी ३ पेजमा**

## लुम्बिनीको नीति तथा कार्यक्रम जेठ ५ मा




बुटवल । लुम्बिनी प्रदेश सरकारको आर्थिक वर्ष २०८२ /०८३ को नीति तथा कार्यक्रम स्वीकृत भएको छ। शुक्रबार बसेको मन्त्रिपरिषद् बैठकले आगामी वर्षको नीति तथा कार्यक्रम स्वीकृत गर्ने निर्णय गरेको सरकारका प्रवक्ता तथा कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्री दिनेश पन्थीले जानकारी दिए ।

बैठक ले जेठ ५ गते सरकारको नीति तथा कार्यक्रम प्रदेश सभामा प्रस्तुत गर्न प्रदेश प्रमुख समक्ष अनुरोध गरिएको प्रवक्ता पन्थीले बताए ।

यस्तै, बैठकले जिल्ला सभा तथा जिल्ला समन्वय समिति सञ्चालनसम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक प्रदेश सभा समक्ष पेश गर्न स्वीकृति प्रदान गर्ने निर्णय गरेको छ ।

यसैगरी, लुम्बिनी प्राज्ञ प्रतिष्ठान स्थापना तथा सञ्चालनसम्बन्धी व्यवस्था गर्न बनेको विधेयक प्रदेश सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने निर्णय बैठकले गरेको छ ।

## रवीन्द्र मिश्र हाजिरी जमानीमा थुनामुक्त



बुटवल । सर्वोच्च अदालतले ५० दिनदेखि प्रहरी हिरासतमा रहेका राप्रपा वरिष्ठ नेता रवीन्द्र मिश्रलाई थुनामुक्त गर्न आदेश दिएको छ।

बन्दीप्रत्यक्षीकरणको रिटमा सर्वोच्चका न्यायाधीशद्वय कुमार चुडाल र तिलप्रसाद श्रेष्ठको संयुक्त इजलासले शुक्रबार उनलाई हाजिरी जमानीमा थुनामुक्त गर्ने आदेश दिएको हो ।

उनलाई कानुन व्यवसायीको रोहबरमा थुनामुक्त गरिएको छ। गत १५ चैतमा राजावादीहरूले काठमाडौंको तीनकुनेमा गरेको प्रदर्शन हिंसात्मक भएपछि प्रहरीले हिंसा भड्काउन संलग्न रहेको भन्दै सोही दिन बेलुका पक्राउ गरेको थियो ।

राज्यविरुद्धको कसुरजन्य, संगठित अपराधजन्य र अपराधिक उपद्रवजन्य मुद्दामा प्रहरीले हिरासतमा राखेर अनुसन्धान गरिरहेको थियो। त्यसयता प्रहरीले आठ पटकसम्म म्याद थप गरेर हिरासतमा राखेको थियो ।हिरासतमुक्त भएका राप्रपा नेता रवीन्द्र मिश्रले आफूले राज्यले आरोप लगाए जस्तो संगठित र राज्यविरुद्धको अपराध नगरेको जिकिर गरेका छन् ।

बन्दीप्रत्यक्षीकरणको निवेदनमा सुनुवाइ गर्दै न्यायाधीशद्वय कुमार चुडाल र तिलप्रसाद श्रेष्ठको संयुक्त इजलासले उनलाई हाजिर जमानतमा छाड्न आदेश दिएको थियो। यसपछि प्रहरी नियन्त्रणबाट मुक्त भएका मिश्रले अदालतको गेट बाहिर आएर भने, 'म राजनीतिक मान्छे हुँ, मैले राजनीतिक रुपमा राजसंस्था पुनर्स्थापनाका लागि काम गरेको हो। तर, राज्यविरुद्धको कसुर, संगठित अपराध र आपराधिक उपद्रव मबाट भएको छैन ।'

उनले ४७ औं दिनसम्म पनि राज्यलाई अनुसन्धानमा सहयोग गर्छु भन्ने हिसाबले बन्दी प्रत्यक्षीकरणको निवेदन नदिएको समेत बताए । उनले १५ चैतमा ज्यान गुमाउनेप्रति श्रद्धाञ्जलि समेत व्यक्त गर्दै भने-'त्यो मैले सोचेको कुरा पनि होइन, म जस्तो मान्छेले योजना गरेको कुरा पनि होइन ।'

आफूले आन्दोलन ठूलो भएपछि कहिल्यै पनि आयोजकको, सरकारको नियन्त्रणमा हुँदैन भनेर सधैं भन्ने गरेको भन्दै मिश्रले थपे, 'चाहे त्यो २०४६ साल होस्, ०६२/६३ होस्, थारु आन्दोलन होस्, हरेक आन्दोलनमा जनधनको क्षति हुन्छ। त्यसै हुनाले मैले बारम्बार मेरा सामाजिक सञ्जालका टिप्पणीहरुमा शान्तिपूर्ण संक्रमणबाट नविन समझदारीमा जाउँ भनेर भनेको छु ।'

तत्काललाई आफू हाजिर जमानतमा मात्र छुटेकाले धेरै खुशी हुने पक्षमा नरहेको समेत उनले बताए । विएण्डबी अस्पतालमा घाइतेलाई भेटिरहेका बेला उनीहरु पक्राउ परेका थिए । राणालाई भने यसअघि नै प्रहरीले छाडिसकेको छ । राजावादी प्रदर्शनका 'जनकमाण्डर' दुर्गा प्रसाईंसहितका व्यक्तिहरु अझै हिरासतमा छन् ।



दैनिक लुम्बिनीको साप्ताहिक कोशेली

# पाहुर

२०८२ जेठ ०३, गते शनिबार

तपाईंका लागि...



### बिट्विन द लाइन्स्...

मारेर अर्काका रहर आफ्नै बाजा बजाउनेहरू
कपट राखेर मनमा खोटा सिक्का भजाउनेहरू
चलेको चलन यस्तै नै छ नाफामा रहन्छन् सधैँ
बेघर बनाएर अरुलाई आफ्नो घर सजाउनेहरू

रूद्र ज्ञवाली

# बहुआयामिक दर्पणमा गाउँ–शहर

**हरि शर्मा**

धेरै समय भएको छैन, सन् १९६० को दशकसम्म पनि नेपालबारे चर्चा गर्दा 'यो गाउँ नै गाउँले भरिएको देश हो' भन्ने गरिन्थ्यो । धेरै पछिसम्म पनि नेपालको अर्थतन्त्रको मेरुदण्ड कृषि हो भनिन्थ्यो । विभिन्न समयमा आर्थिक नीति र कार्यक्रमबारे छलफल हुँदा कृषिमा आधारित अर्थव्यवस्थाबाट बिस्तारै उद्योगमा आधारित अर्थव्यवस्थाको सिर्जना गर्ने भनिन्थ्यो ।

कृषि भन्ने बित्तिकै गाउँको परिकल्पना हुन्छ । खेत, खलियान, मानिसको बसोबासको कल्पना हुन्छ । जहाँ एउटै कुलका मानिसहरू बस्छन्, त्यो गाउँ हुन्छ । जहाँ कुलभन्दा बढी विविधता भएका र भाषिक रुपमा पनि फरकफरक मानिसहरूको बसोबास हुन्छ, त्यहाँ शहरको निर्माण हुन्छ ।

गाउँ र शहरको भिन्नताबारे चर्चा गर्दा, इन्डियन सोसोलजीकल सोसाइटीको एउटा सम्मेलनमा शहरलाई परिभाषित गर्ने क्रममा भनिएको थियो, 'जब एउटा छिमेकीले अर्को छिमेकीलाई चिन्न छोड्छ, त्यो बसोबास गाउँबाट शहरमा परिवर्तन हुन्छ ।' त्यतिबेला इन्डियामा भर्खरै सटिङ-सुटिङको अभ्यास शुरु भएको थियो । र, एउटा भनाई प्रसिद्ध थियो, जब बिमल सटिङको विज्ञापन देखिन्छ, शहर शुरु हुन्छ । नेपालको सन्दर्भमा यस्तो भन्न सकिन्छ - जहाँ आईएमईका बोर्ड देखिन्छन्, जहाँ मनी ट्रान्सफरहरू हुन्छन् त्यहाँ शहरको बिजारोपण हुन्छ ।

अर्को भाषामा भन्दा, जहाँ साधन-स्रोतको सुविधा हुन्छ, जीवनयापनका अनेकन् विकल्प हुन्छन्, यातायात हुन्छ, शिक्षा-स्वास्थ्यको उपलब्धता हुन्छ, त्यसलाई शहर भनिन्छ । त्यसकारण शहर विभिन्न अवसरका निम्ति बनेको थलो हो ।

अर्कोतर्फ शहर आधुनिकताको पर्याय पनि हो । सन् १९६० दशकका हिन्दी सिनेमाहरूमा आधुनिकताका बिम्बका रुपमा शहरलाई प्रस्तुत गरेको पाइन्छ । ती सिनेमाहरूमा देखाइएको छ- गाउँमा एक प्रकारको संकीर्णता छ । तर, मानिस शहरमा आएपछि त्यो संकीर्णताबाट मुक्त हुन चाहन्छ । धोती लगाउनेले प्यान्ट लगाउन थाल्छ । अंग्रेजी बोल्न थाल्छ । अर्को भाषा र परिवेशका मानिससँग संवाद गर्न थाल्छ । त्यसैले आधुनिक समयमा शहर एउटा मेल्टिङ पट हो जहाँ विभिन्न भाषाभाषी, क्षेत्र, समुदायका मानिसहरू घुलमिल भएर बस्छन् । त्यसैले गाउँको जातपात लगायतका अनेकन संकीर्णताबाट उम्किन पनि मानिस गाउँबाट शहर बसाई सरेको ती सिनेमामा देखाइएको छ । दक्षिण एशियाका पुराना शहरहरू, बम्बई, मद्रास, कलकत्ताले शहरको त्यो वैश्विक (कस्मोपलिटन) चरित्र उजागर गरेका छन् ।

अर्कोतर्फ, शहर आफैँमा एउटा सभ्यता हो जसलाई नगर सभ्यता भनिन्छ । नगर सभ्यताले नगर चेतनाको निर्माण गरेको हुन्छ । त्यही चेतनाले नै नगरमा सार्वजनिक उपयोगको थलो निर्माण गरेको हुन्छ । नेपालका प्राचीन शहरहरू काठमाडौं, पाटन र भक्तपुरमा यो नगर चेतना अभिव्यक्त भएको पाइन्छ । तीन सय वर्षभन्दा पुराना यी नगरमा निर्माण भएका सांस्कृतिक धरोहर र यहाँको नेवार समुदायको सांस्कृतिक पहिचानले यिनलाई विशिष्ट बनाएका छन् । तर, फ्रान्सेली मानवशास्त्री जेरार्ड तोफाँ यी शहरहरू नगरबाट गाउँतिर उन्मुख भइरहेको टिप्पणी गर्छन् । यसको अर्थ के हो भने, कुनै समयमा यहाँ नगरमा हुने जुन वैभव र सुविधा थियो त्यो बिस्तारै परिवर्तन भएर गाउँजस्तो बनेको छ । उदाहरणका लागि, नगरमा मानिसहरू बस्नका लागि पाटी, पौवाजस्ता सार्वजनिक थलोहरू बनाइन्थे । भजन गर्ने, सभा गर्ने, सम्मेलन गर्ने सार्वजनिक दबुहरू निर्माण गरिन्थ्यो ।

काठमाडौंका तीनै शहरमा दरबार स्क्वायर (लायकु)हरू छन् । ती लायकुमा तीनवटा पक्षको समीश्रण भएको पाइन्छ । पहिलो, त्यहाँ दरबार हुन्छ जुन राज्यको प्रतिनिधित्व हो । त्यहाँ शासक बस्छन् । दोस्रो, त्यहीँ नै उच्चतम धार्मिक स्थल हुन्छन् जस्तै कुमारी र गणेश छन् । तेस्रो, त्यो जमघट हुने, व्यापार हुने थलो पनि हो । काठमाडौंका गणेशस्थान, मरुस्थानतिर बिहान जाने हो भने तरकारी किन्न आउने, कुराकानी गर्ने, मन्दिरका सिंढीहरूमा बसेर बुढाबुढी गफ गर्ने गर्छन् । काठमाडौंको इन्द्रचोकमा व्यापार हुनेगरेका पुराना चित्रले त्यो अभ्यासको प्राचिनता अभिव्यक्त गर्छन् ।

अहिले भक्तपुर, काठमाडौं, पाटनमा त्यस्ता स्थल देखिन त देखिन्छन् तर ती बिस्तारै हराउँदै छन् । नगरमा हुने सार्वजनिक धारा, मन्दिर, मठहरूको सार्वजनिक प्रयोगको कोणबाट हेर्‍यौँ भने काठमाडौंका तीनै शहर लिच्छवी काल र मल्ल कालमा अहिलेभन्दा उन्नत देखिन्छन् । त्यसैले नै तोफाँले काठमाडौं उपत्यकाका शहरहरूलाई ग्रामोन्मुख शहर भनेका छन् ।

**नेपाली नयाँ शहर**

काठमाडौं उपत्यकाका शहरबाहेक नेपालका अन्य शहरहरू नयाँ हुन् । त्यसैले कुनै समयमा नेपालमा ८० प्रतिशत गाउँ छन् भनिनथ्यो । नेपालका गाउँ भनेका अधिकांश पहाडमा थिए । मधेशमा पनि ससाना गाउँहरू त थिए तर ती जनसंख्याको अनुपातमा निकै कम थिए । मधेशको जनसंख्या आफैँमा कृषिमा आधारित थियो जुन गाउँमा बस्थ्यो । खासगरी औंलो उन्मुलनपछि पहाडका मानिस मधेश बसाइ सर्न थाले । यसरी पहाडबाट बसाइ सर्नेहरू गाउँबाट शहरमा नभई गाउँमै आए । उनीहरू खेतीका लागि गाउँ गएका हुन् ।

हाम्रोमा शहर बन्ने क्रम युरोपको भन्दा फरक छ । युरोपका आधुनिक शहरहरू औद्योगिकरणले बनाएका हुन् । हाम्रा शहर भने मूलतः व्यापारिक र प्रशासनिक इकाइबाट विकसित भएका हुन् । विराटनगर शहर जुट मिलका कारण बसेको थियो पछि बिस्तारै प्रशासनिक इकाइ बन्यो । त्यस्तै चैनपुर, ओखलढुंगा, भोजपुर, विभिन्न ठाउँका खलंगा, मन्थली, प्युठान खलंगा, सन्धिखर्क, तम्घासजस्ता बजारहरू प्रशासनिक इकाइ भएकैले विकसित भएका हुन् । राज्यप्रदत्त सुविधा लिन मानिसहरू त्यहाँ जानुपर्ने, बस्नुपर्ने, सेवासुविधा चाहिने, सेवाग्राहीहरू टाढाबाट आउने भएकाले होटल चाहिने, सदरमुकाम भएकाले पढ्ने बन्दोबस्त गर्नुपर्ने, यी सारा कारणले त्यहाँ बजार बन्यो । र, त्यही बजार समयक्रमसँगै शहरका रुपमा विकसित भए वा हुँदैछन् ।

नेपालका शहर निर्माणमा यातायातको पनि भूमिका छ । खासगरी पूर्व-पश्चिम राजमार्ग र सिद्धार्थ राजमार्गले बुटवल, नारायणघाटजस्ता शहर बने । पोखरा पनि पहिला शहर थिएन, पछिमात्रै बनेको हो । नेपालगञ्ज पनि धेरैपछि बनेको शहर हो । त्यहाँ अहिले पनि गाउँ र शहरबीच फरक भेटाउन गाह्रो छ । धनगढी, महेन्द्रनगरहरू वास्तवमा शहरउन्मुख गाउँहरू हुन् । तर, राजनीतिक कारणका निमित तिनलाई शहर भनिएको छ ।

यातायातसँग जोडिएर बनेका यी शहरहरू व्यापार र सुविधाको जगमा बनेका हुन् । यातायातको सुगमतासँगै त्यहाँ अस्पताल, विद्यालय र क्याम्पसहरू बने । जिविकाका विकल्पहरू पनि तयार भए । जसले गर्दा सुविधाको खोजीमा बसाइ सरेकाहरू पहिलाजस्तो गाउँको साटो शहरमा बस्न थाले । तिनका लागि यी शहर आश्रयस्थल र कर्मथलो बने । तिनको आगमनले यी बस्तीलाई झनै समृद्ध शहर बनायो । जसले गर्दा यिनको नयाँ पहिचान बन्यो । प्रशासनिक इकाइका रुपमा रहे नरहँदा पनि यिनको शहरी चरित्र कायमै रह्यो । त्यसैले बुटवलबाट प्रदेश राजधानी देउखुरी जाँदा धेरै ठूलो विरोध देखिएन । तर, नेपालको इतिहासमा धेरै ठाउँमा जिल्ला सदरमुकाम सर्दा धेरै विवाद भएको पाइन्छ । ती विवादका घाउ अहिले पनि त्यहाँका मानिसहरूले चर्चा गर्छन् । अर्घाखाँचीको सदरमुकाम नरपानीबाट सन्धिखर्क सर्दा होस् वा रामेछापको मन्थलीबाट सर्दा यस्ता विवाद भएको पाइन्छ ।

गाउँबाट बसाइ सरि आउनेहरूले शहरकै चरित्र निर्माणमा पनि प्रभाव पार्छन् । विभिन्न ठाउँ, संस्कृति, परम्परा र स्मृति भएका मानिसहरू जम्मा भएर शहर बनेको हुन्छ । त्यसैले त्यसको चरित्र मूलतः वैश्विक (कस्मोपलिटन) हुन्छ । तर, गाउँबाट बसाइ सरी आउनेहरूको संख्या बढ्दै जान्छ, शहरको त्यो चरित्र बदलिन थाल्छ । शहरका निश्चित स्थानमा निश्चित भूगोलबाट बसाइ सरेर आउनेहरू बस्न थाल्छन् । तिनले त्यहाँ आफ्नो परम्परा पुनः आविष्कार गर्न थाल्छन् । त्यसलाई 'रिइन्भेन्टिङ द ट्रेडिसन' भनिन्छ । राष्ट्रवादको पुनः परिकल्पनामा यसको अभ्यासको ठूलो महत्व छ ।

काठमाडौंकै बसोबासको सन्दर्भमा हेर्ने हो भने पकनाजोल, कलधारा क्षेत्रपाटीजस्ता स्थान पश्चिमबाट आउने मानिसहरूको प्रवेश मार्ग थियो । जो मानिस पहिला आयो, त्यहीँ डेरा खोज्यो, त्यहीँ बस्यो । 'कहाँ बस्छस् ?', भन्दा 'क्षेत्रपाटी' भन्यो । अनि पछिबाट आउनेहरू पनि त्यतैत्यतै बस्न थाले । त्यसैगरी पूर्वका मानिसहरू बनेपा, पनौती हुँदै आए । उनीहरू कोटेश्वर, बानेश्वर र मैतीदेवीको फाँटमा बस्थे । २०३२/३३ सालतिर पनि पूर्वका साथीहरू डेरा खोज्नुपर्‍यो भने मैतीदेवी, डिल्लीबजारबाट पश्चिमतिर उक्लिदैनथे । आफ्नो समुदाय जहाँ बस्यो, त्यहीँ नै बस्ने अभ्यास हो त्यो ।

यस्तो अभ्यास हाम्रा शहरको मात्रै चरित्र होइन । एलिजाबेथ जे. पेरीको एउटा पुस्तक छ, सामाजिक आन्दोलनबारे, 'स्ट्राइक्स इन सांघाई' । उनले उक्त पुस्तकमा चीनको सांघाई शहरको चरित्रमा आएको परिवर्तन व्याख्या गरेकी छन् । उनले व्याख्या गरे अनुसार, सांघाई पनि वैश्विक शहर नै थियो । तर, जब ग्रामीण क्षेत्रबाट शिल्पकारहरूसांघाई आए तब उनीहरूको सीप अनुसारको बस्ती बन्यो । माटोको काम गर्नेहरू एकातिर बसे, फलामको काम गर्नेहरू अर्कोतिर । त्यसैगरी क्षेत्रिय भाषाको हिसाबले पनि त्यस्ता बस्तीहरू बने । बम्बईमा पनि त्यस्तै छ । त्यहाँ दक्षिणका मानिस एकातिर, पूर्वका मानिस अर्कोतिर बस्छन् । आफ्नो गाउँ-ठाउँका मानिसहरू बसेतिरै बसेर मानिस आश्वस्त हुन खोज्दोरहेछ । नयाँ ठाउँमा पुग्दा अस्तित्व रक्षाका लागि त्यस्तो सहारा लिँदोरहेछ ।

यति हुँदाहुँदै पनि शहरका पुराना बस्तीहरू जसलाई अमेरिकातिर डाउन टाउन भनिन्छ, हाम्रोमा पुराना बस्तीहरू, त्यहाँ त शहरको शुरुदेखिका रैथाने नै हुन्छन् । काठमाडौंमा अहिले पनि मानिसहरूमा बजार गर्न असन जाने परम्परा छ । बाहिरबाट आएका मानिसले आर्थिक, राजनीतिक र सांस्कृतिक गतिविधिका सन्दर्भमा आफ्नै खालको अभ्यास गर्दागर्दै पनि शहरबाट केही न केही त ग्रहण गर्छन् नै । बाहिरबाट आएर काठमाडौंमा बीसौं वर्ष बसेका मजस्ता मानिसहरूले यहाँका जात्राहरूलाई आफ्नै ठान्छन् । गठेमंगलमा केटाकेटीले बाटो छेकेनन् भने, शरद लागेसँगै धिमेको आवाज सुनेनन् भने तिनले अपुरो महसूस गर्छन् ।

पक्कै पनि ठूलो मात्रामा गाउँबाट बसाइ आउँदा शहरको चरित्र फेरिन्छ । सँगसँगै गाउँका मानिस शहरसँगै फेरिँदै जान्छन् ।

**शहरको शक्ति संघर्ष**

गाउँको आन्तरिक राजनीति हुन्छ । वर्षौंदेखि थिग्रिएर बसेको हुनाले गाउँको शक्ति संघर्ष त्यति जटिल हुँदैन । बसाइ सरि आउनेहरूले बनाउने नयाँ शहरको शक्ति संघर्ष भने चलायमान हुन्छ । केही निश्चित कारणहरूले केही मानिसहरू शुरुमा शहर आउँछन् । तिनले त्यहाँ बस्ती बसाउन गर्नुपर्ने सबै काम गर्छन् । तिनलाई 'पायोनियर सेटलर्स' (अग्रणी आबादकार) भनिन्छ । आफू आएको ठाउँसँग निरन्तर सम्बन्ध राख्ने र त्यसलाई प्रतिनिधित्व गर्ने भएकाले तिनलाई फ्रन्टियर सेटलर्स (सिमान्त आबादकार) पनि भन्न सकिन्छ । पायोनियर सेटलर्सका हिसाबले तिनले आफू आएको ठाउँमा बस्न लायक सुविधाहरू निर्माण गर्छन् । सार्वजनिक धारा बनाउँछ । पाटी, पौवा, मठ, मन्दिर निर्माण गर्छन् । फ्रन्टियर सेटलर्सका हिसाबले ती आफ्नो गाउँठाउँबाट आउनेहरूका लागि संरक्षक बन्छन् ।

यसको उदाहरण बुटवलमा भेटिन्छ । व्यापार गर्नकै लागि पहाडबाट केही मानिस बुटवल झरे । उनीहरूले त्यहाँ बस्ती बसाले । बजार बनाए । तर, उनीहरूको प्रवृत्ति विशुद्ध व्यापारीको भन्दा महाजनहरूको जस्तो थियो । ती केवल साहु थिएनन्, प्याट्रोन (संरक्षक) वा आश्रयदाता पनि थिए । जस्तै, बाग्लुङबाट बटौली आएकालाई 'कहाँ जाने ?' भनेर सोध्दा 'बाग्लुङे साहुकहाँ' भन्थे । पाल्पाबाट आउनेहरू पाल्पाली साहुकहाँ बास बस्न जान्थे । ती साहुहरूले आश्रय मात्र होइन, सरसल्लाह र सहयोग पनि दिन्थे ।

पायोनियर सेटलर्सले शहरको राजनीतिमा क्षेत्रिय शक्ति संघर्षलाई प्रतिबिम्बित गर्छन् । दलीय राजनीति नहुँदा यस्तो क्षेत्रिय शक्ति संघर्ष तिव्र थियो । विराटनगरको राजनीतिमा भोजपुरबाट आउने र धनकुटाबाट आउनेहरूको शक्ति संघर्ष थियो । बर्दियामा धेरै वर्ष गुल्मी, अर्घाखाँचीका जमिनदारहरूको प्रभाव देखिन्थ्यो ।

पछिबाट बसाइ आउनेहरूको संख्या बढ्दै गएपछि पायोनियर सेटलर्सहरूसँगको शक्ति संघर्ष शुरु हुन्छ । पछिबाट आउनेहरूले सामाजिक पद, प्रतिष्ठाको खोजी गर्न थालेपछि यो संघर्ष चुलिँदै जान्छ । अहिले नेपालका शहरहरूमा यस्तो शक्ति संघर्ष तीव्र देखिन्छ ।

**राज्य, शहर र गाउँ**

शहर र गाउँसँग राज्यको कस्तो सम्बन्ध हुन्छ त भन्नेबारे छलफल गरौं । शहर र राज्यको अवधारणा गाउँभन्दा निकै नै नयाँ हो । एक हिसाबले राज्यको जन्म नै नगरबाट भएको हो । त्यसैले प्राचीन कालमा नगर-राज्यहरूहुन्थे । ग्रीक र रोमन राज्य अभ्यास होस् वा चाणक्यकालीन मगध, नागरिक चेतना नगरमै हुन्छ भनिन्थ्यो । त्यसैले सधैँ शहरले राज्यलाई प्रतिनिधित्व गर्ने गरेको छ ।

राज्यको काल्पनिकीमा गाउँ एउटा दोहन गर्ने ठाउँ मात्रै हो । राज्य र गाउँको सम्बन्ध दोहनमा आधारित मात्रै हुन्छ । राज्यका लागि गाउँ पुराना सौगात आउने, भान्साका सामान आउने ठाउँ हो । कर उठाउने ठाउँ हो । वर्तमान सन्दर्भमा भोट बैंक हो ।

गाउँ र शहरबीचको यो भिन्नताका कारण गाउँमा विद्रोहको बीज हुने गर्छ । हुन त आधुनिक औद्योगिक शहरहरूको निर्माणसँगै शहरबाट विद्रोहको परिकल्पना गरियो । पूँजीवादको शुरुमा सर्वहार बन्न औद्योगिकरण र शहरको आवश्यकता पर्छ भनियो । तर, औद्योगिक क्रान्तिको पहिलो देश बेलायतमा नभई अधिकांश गाउँहरू भएको र कृषि अर्थतन्त्र नै हावी भएको रुसमा पहिलो सर्वहारा क्रान्ति भयो । चीनमा पनि किसान आन्दोलन नै भयो । यी सबैलाई विश्लेषण गरेर गाउँबाट विद्रोहको चेतना आउँछ भनियो । म भने अलि फरक तर्क गर्छु, मेरो विश्लेषणमा विद्रोहको चेत गाउँबाट भन्दा पनि शहरको छेउछाउ (पेरिफेरि)बाट आउँछ ।

त्यसो त किसान कति आन्दोलनमुखी हुन्छ भन्ने विषयमा ठूलो बहस छ । किसान र्‍यासनल (तार्किक) छ कि छैन ? उसँग वैज्ञानिक चिन्तनशैली छ कि छैन ? उसले परिस्थितिको अध्ययन र विश्लेषण गर्न सक्छ कि सक्दैन ? यी विषयलाई लिएर जेम्स सी. स्कटले मलेसियाका किसानबारे अध्ययन गरे । आफ्नो पुस्तक 'वेपन्स अफ् द विक' (कमजोरहरूको हतियार)मा उनी भन्छन्, 'किसानको इकोनोमी, मोरल इकोनोमी हो ।'

पूँजीवादको विस्तारसँगै किसानले उतपादन गरेको वस्तुमा मुनाफा र वितरणको प्रश्न उठ्न थाल्यो, त्यसपछि किसान आन्दोलित हुन थालेको देखिन्छ । नभए किसानको चरित्र मोरल इकोनोमी हो । एक अर्कालाई सहयोग गर्ने, पर्म गर्ने । नेपालको सन्दर्भमा हेर्ने हो भने, सरप्लस (अतिरिक्त) उत्पादन गर्ने किसान छ कि छैन भन्ने ठूलो प्रश्न छ । खेती-किसानी पूँजी सिर्जनाका लागि हो कि होइन ? कृषिमा आधारित व्यवस्थामा पूँजीको निर्माण हुन्छ कि हुँदैन ? यी प्रश्नबारे बहसका विषय हुन् । पूँजी निर्माण र उत्पादनको सम्बन्धमा किसान जोडिँदैन भने त्यहाँ ठूला ठूला आन्दोलन हुन सक्छन् कि सक्दैनन् भन्ने पनि प्रश्नको विषय छ ।

तर, गाउँमा आधारित किसान आन्दोलनको उदाहरण भने प्रशस्त छन् । गाउँमा संगठन गर्न सजिलो भएकाले पनि सामाजिक आन्दोलन त्यहाँबाट उठेका हुन् । औद्योगिक र वर्गीय चेतना नभए पनि गाउँमा कलेक्टिभ डिनायल (सामुहिक अस्वीकारोक्ति)को चेतना हुन्छ । शहरभन्दा हामी किन पछि परेका छौं ? साधन र सुविधा हामीकहाँ किन छैन ? जस्ता प्रश्नबाट त्यो डिनायल जन्मिन्छ । पक्ष र विपक्ष निर्माण गर्न त्यहाँ सजिलो छ । एकै ठाउँमा काम गर्ने भएकाले मजदूरहरूमा वर्गीय चेतना हुन्छ भन्ने विश्लेषण थियो । तर, किसान मूलतः पढालिखा हुँदैन, रुढीमा विश्वास गर्छ भन्दाभन्दै पनि उनीहरू तार्किक हुन्छन् र आफ्नो हित चिन्न सक्छन् भन्ने विश्लेषण पनि उत्तिकै बलियो छ ।

खासगरी आधुनिक कालमा किसानको दैनिक जीवन र उत्पादनमा बजारको प्रवेश सँगै गाउँ आन्दोलित हुन थालेका छन् । आधुनिक राज्यको दमनकारी संरचनाविरुद्ध संगठित हुन उनीहरूलाई राज्य विरुद्ध आम जनताको चेतनाले सघाएको छ । त्यसैले गाउँ विद्रोहका लागि मलिलो भूमीजस्तै हुन्छ ।

यहाँनेर हामीले अर्को पक्ष पनि विचार गर्नुपर्छ, त्यो हो नक्कल गर्ने मानवीय स्वभाव । मानिसले नक्कल (मिमिक्री)बाट सिक्ने गर्छ । त्यसैले गाउँले आफूलाई शहरभन्दा भिन्न ठान्छ तर उसको परिकल्पनामा शहर नै बन्ने हुन्छ । चेतनाका सन्दर्भमा पनि ग्रामिण मानिस शहरिया नै बन्न खोज्छ । शहरिया बन्ने क्रममा आएको विरोधाभास (कन्ट्राडिक्सन)का कारण पनि गाउँ र शहरबीच द्वन्द्व सिर्जना भएको हुन्छ ।

**राजनीतिक परिवर्तन र गाउँ–शहर**

नेपालको हरेक राजनीति आन्दोलनहरूमा गाउँबारे चर्चा र कल्पना गरिए पनि शहरबाटै शुरु भएका छन् । एउटै आन्दोलन गाउँबाट शुरु भएर शहरमा पुगेर विलय भएको छ, त्यो हो, माओवादी आन्दोलन ।

सात सालको क्रान्ति बर्डर टाउन (सीमावर्ती बजार)बाट शुरु भएको थियो जसको राजनीतिक मात्र नभई सामाजिक प्रभाव पनि बलियो थियो । त्यसो त नेपालको नक्सा नै भर्टिकल छ । त्यसैले नेपालको आन्दोलन पूर्व-पश्चिम नभई उत्तर-दक्षिण फैलिने गरेका छन् । सात सालको आन्दोलनका पनि ठाउँअनुसार तत्कालीन प्रभाव फरकफरक छन् । जस्तै, पूर्वमा हेर्ने हो भने मुक्ति सेनाले सामाीजक संरचनामा परिवर्तन ल्यायो । नेतृत्वमा बस्नेहरू बढीजसो ब्राह्मणहरू थिए । तर, ती सबै बुट लगाएर क्याम्पमा खाने, एकै ठाउँमा बस्ने, एकै खालको लगाउने गर्न थाले । मध्यपश्चिम, पश्चिमतिरको पहाडमा चेतनाका बाहकका सन्दर्भमा बाहुनले हलो जोत्ने, प्यान्ट लगाउने गरे । मर्चवार क्षेत्रमा भूमीसँगको सम्बन्धमा सुक्ला र अरुको बीचमा परिवर्तन आयो । सुदूरपश्चिममा राधाकृष्ण थारु जमिनदार नै थिए तर भूमीसुधारको प्रभाव परेको थियो । पश्चिममा त्यहाँका नेताहरूले वनजंगलप्रतिको दृष्टिकोण आदिमा परिवर्तन ल्याए ।

सात सालको परिवर्तन जहाँजहाँ पुग्यो, त्यसले समाजमा पनि दूरगामी परिवर्तनहरू ल्यायो । राजनीतिक सन्दर्भमा त काठमाडौंमा राणा-कांग्रेस सरकार बन्यो । तर, सात सालको क्रान्तिले पछिसम्म पनि सामाजिक रुपान्तरणका संवाहकको रुपमा काम गर्‍यो । त्यसैले अन्य परिवर्तनलाई आन्दोलन र सात साललाई क्रान्ति भन्ने गरिएको छ ।

त्यस्तै २०४६ सालको आन्दोलन पनि शहरबाट उठेको हो । पक्कै पनि त्यसको जग गाउँगाउँका संगठनहरू थिए । तर, आन्दोलन भने राजधानी वा शहरकेन्द्रित थियो । त्यसो हुँदा दुईवटा काम भयो । एउटा, सञ्चारमाध्यममार्फत आन्दोलन देशभर भएको सन्देश दियो । अर्को, अन्तर्राष्ट्रिय रुपमा पनि प्रचारित भयो ।

त्यसबेलाका अर्ली राइजर्स (शुरुमा उठ्ने समूह) विद्यार्थी, वकिल, प्रेस थिए । पढालिखा, बुद्धिजीविहरू थिए । ती सबै ग्रामिण क्षेत्रमा नभई शहरमा बस्ने गर्थे वा अर्धशहरी क्षेत्रमा थिए । पढालिखा मानिसहरू काठमाडौं, विद्यार्थी काठमाडौं, वकिल काठमाडौं भएकाले शहरमै आन्दोलन बढी भए । चेतनशील मानिसहरू भएको ठाउँमा नै आन्दोलन हुने हो । तर, यी सबै मानिसहरू धेरै वर्षदेखि शहर बसेका थिएनन् । 'दशैंमा कहाँ जान्छस् ?' भन्दा 'गाउँ जान्छु' भन्ने मानिसहरू नै थिए ती । तर, तिनलाई संगठित गर्ने थलो (स्पेश) भने शहर भइदियो । त्यसैले ०४६ सालको आन्दोलनलाई धेरै हदसम्म शहरका अस्थायी बासिन्दाले गरेको आन्दोलन भन्न मिल्छ ।

यी सबैभन्दा फरक थियो, माओवादी आन्दोलन जसले आफ्नो आधार ग्रामीण क्षेत्र बनायो । हुन त उसले पनि वैश्विक, क्षेत्रिय र राष्ट्रिय विरोधाभास र द्वन्द्वकै कुरा गरेको हो । ग्रामीण द्वन्द्वको कुरै गरेन । स्ट्रक्चरलिस्ट (संरचनावादी) भएकाले मेटाथ्यौरीबाट आएको थियो । तर, उसले आन्दोलनको बीचबीचमा पुग्दा जातियताको नारा दियो, त्यसको पनि ग्रामिण आधार थिएन ।

गाउँलाई आधार बनाए पनि माओवादी आन्दोलनको जग र चिन्तन शहर नै थियो । उसले ग्रामीण क्षेत्रलाई राज्यलाई चुनौती दिन गतिविधि गर्ने ठाउँमात्र बनायो किनभने त्यहाँ राज्यको कमजोर उपस्थिति थियो । त्यसैले शुरुमा उसले उपस्थिति जनाउने संस्थाहरूमा आक्रमण गर्‍यो । गाविस भवन आक्रमण गर्‍यो । प्रहरीलाई आक्रमण गर्‍यो । विद्यालय भवनहरू ध्वस्त बनायो । ती सांकेतिक आक्रमणहरू थिए । २०५८ सालमा दाङको आक्रमणपछि मात्रै ऊ विस्तारित रुपमा राज्यसँग जुझ्न आएको हो । त्यसपछि पनि उसले त्यस्ता सदरमुकाममा आक्रमण गर्‍यो जुन गाउँबाट शहर हुने क्रममा थिए । जस्तो, काठमाडौंमा आक्रमण गरेन, थानकोटमा गर्‍यो । शहरमै आक्रमण गरेको एकमात्र ठाउँ पाल्पा हो । गाउँ उनीहरूका लागि रणनीतिक आश्रयस्थल मात्र थियो ।

**राजनीतिमा गाउँ–शहर चिन्तन**

बिस्तारै नेपाली राजनीतिमा गाउँ र शहर भन्ने चिन्तन हराउँदै छ । त्यसका विविध कारण छन् । उदाहरणका लागि मनाङजस्तो विकट ठाउँलाई हेरौं । मनाङको ९० प्रतिशत मतदाता काठमाडौं बस्छन् र यहाँबाट भोट हाल्न जान्छन् भन्ने समाचार त आइरहेकै छन् । गुल्मीमा चुनाव जित्नलाई अमुक राजनीतिक पार्टीको उम्मेदवारले ७५ देखि १०० सम्म बसको व्यवस्था गर्नुपर्छ । त्यसैले, यातायात, पहुँचका कारणले गाउँ र शहरबीचको दूरी हराउँदै गएको छ ।

नेतृत्वको विकासका सन्दर्भमा पनि गाउँ र शहरबीच खासै ठूलो भिन्नता छैन । वास्तवमा नेपालमा अहिलेसम्म नेतृत्वमा कुनै पनि व्यक्ति आर्थिक र सामाजिक रुपमा कमजोर परिवेशबाट आएको छैन । झट्ट हेर्दा आर्थिक, सामाजिक रुपमा कमजोर मानिसहरू राजनीतिमा प्रवेश गर्नै नसक्ने देखिन्छ । गाउँ र शहरबाट आएका नेता भन्ने फरक पनि छैन ।

नेताहरूमा वैश्विक (कस्मोपलिटन) चिन्तनको कमी चाहिँ देखिन्छ, चिन्तन, खानपान, व्यवहार, विपरीत विचारलाई सुन्ने विषयमा नेपाली राजनीतिक नेतृत्व अहिले पनि संकीर्ण र सानो दायरामा छ । यदि साँघुरो, स्थानीयतावादलाई गाउँले शब्दले प्रतिनिधित्व गर्छ भने नेपालका नेताहरू त्यस सन्दर्भमा सबै गाउँकै जस्ता लाग्छन् । आफ्नो वरिपरिको परिवेशभन्दा पर सोच्न नसक्ने खालका छन् । तर, जाजरकोटको उम्मेदवार राजीवविक्रम शाह त त्यहाँका होइनन् । मनाङबाट प्रतिनिधित्व गर्नेहरू बीसौं वर्षदेखि काठमाडौंमा छन् । सिन्धुपाल्चोकका मोहन बस्नेत बिसौं वर्षदेखि काठमाडौंमै छन् । राजेन्द्र पाण्डे, माधव नेपालहरू पनि काठमाडौंमै बस्छन् ।

परम्परागत रुपमा गाउँले स्थानियता र आफ्नो परिवेशलाई मात्र बुझाउँछ भने नेपाली नेताहरू त्यो साँघुरो परिवेशबाट उठेर उदार, खुलाप्रकारको सोचमा गएको देखिँदैन । नेपालको राजनीतिमा जुन अतिदलीय र तेरो-मेरो भन्ने भावना छ, त्यसले अझै पनि साँघुरो घेराबाट उम्किन दिएको छैन ।

(राजनीतिकशास्त्री शर्मासँग लक्ष्मण श्रेष्ठले गरेको कुराकानीमा आधारित । स्रोतः संकथन मन्थनमाला-२०८०)

## ईश्वरवल्लभका दुई कविताहरू

### मेरा सपना छन्

म भित्र फूलझैँ फक्रिरहेका सपना छन्
म तिमीलाई दिन सकूँ
हरेक हरियालीबाट सरसता टिपी
तिमीलाई सुम्पन सकूँ
कि मेरो निम्ति एउटा गीत बनोस्
तिम्रा कोमलताहरूले,

रसिला पातहरू बनून् प्रत्येक बुटामा
- म तिनलाई छर्न सकूँ
तिमी पानी पनि त हौ
कहिले मेरा खोलाहरूमा सग्लो बग्न सक्छौ
रेशमी थुँगा हौ भने
कहिले मेरा अग्निहरूमा मिल्न सक्छौ

तिमी बगैँचा हौ
कहिले मेरो पतझडमा फुल्न सक्छौ
कि एकछिन आऊ, मेरो आँगनसम्म
त्यहाँ एउटा गहिरो नदी बगोस्
तिमी बग फेरि म बगूँ त्यसमा
तिमीभित्र फेरि म तिमीजस्तै भिज्न सकूँ ।

मानिसको पयर
आकाश मात्रै नहेर
धरती पनि हेर्नुपर्छ
धरतीले मानिसलाई सारै माया गर्छ
जति नै तारा आकाशमा छन्
त्यति नै थोपा यहाँ पानी पर्छ,

त्यति नै बिरुवा यहाँ सर्छ
क्षितिज जतिजति टाढिँदै जान्छ
पाइला त्यति त्यति नै यहाँ सर्छ
कहीँ बत्ती बल्दै बल्दै जान्छ,
कहीँ बत्ती निभ्दै निभ्दै जान्छ
तर पयर मानिसको सर्दै सर्दै जान्छ ।

# क्षतिग्रस्त झोलुङ्गे पुल मर्मत नहुँदा दुर्घटनाको जोखिम

राँझा (बाँके), २ जेठः बाँकेको राप्ती सोनारी गाउँपालिका-१ भम्कास्थित राप्ती नदीको क्षतिग्रस्त झोलुङ्गे पुल मर्मत नहुँदा दुर्घटनाको जोखिम बढेको छ।

एक महिनाअघि आएको हावाहुरीले बैरिया-भम्का जोड्ने राप्ती नदीको झोलुङ्गे पुलको पश्चिमतर्फको लठ्ठा चुँडिएपछि पुल क्षतिग्रस्त भई जोखिमपूर्ण अवस्थामा पुगेको राप्ती सोनारी-१ का वडाध्यक्ष यमबहादुर खड्काले बताए।

“भम्का गाउँका करिब ३०० जनता लठ्ठा चुँडिएको झोलुङ्गे पुलबाट जोखिम मोलेर आवतजावत गर्न बाध्य छन्”, वडाध्यक्ष खड्काले भने- “पुल मर्मतका लागि गाउँपालिका, प्रदेश सरकार र सङ्घीय सरकारसम्म अनुरोध गरियो तर हालसम्म बन्ने सुरसार देखिएको छैन।”

तीन सय मिटरभन्दा लामो पुल निर्माण तथा मर्मत कार्य सङ्घीय सरकारबाट हुने भएकाले सम्बन्धित निकायमा झोलुङ्गे पुलको आवश्यक जानकारी तथा स्थलगत प्रतिवेदन बुझाउने काम भए पनि मर्मतसम्भारको काम हुन नसकेको वडाध्यक्ष खड्काको भनाइ छ।

झोलुङ्गे पुल मर्मत नहुँदा भम्का गाउँबाट वडाको केन्द्र कुसुम बैरिया बजार किनमेलका लागि आउने सर्वसाधारण र विद्यार्थीलाई समस्या भएको स्थानीय अगुवा नरेन्द्र कार्कीले बताए। भम्का पुल मर्मतसम्भारका लागि विभागले सम्बन्धित ठाउँमा गएर अनुगमन गरी प्रतिवेदन पेस गरिसकेको बाँके क्षेत्र नं १ का सङ्घीय सांसद सूर्य ढकालले बताउनुभयो। प्रतिवेदन अर्थ मन्त्रालयमा पुगिसकेकाले अब छिट्टै बजेट निकासा हुने उनको भनाइ छ।

# ‘विपक्षी विचारलाई निषेध गर्दै सरकार’

बुटवल। राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का अध्यक्ष राजेन्द्र लिङ्देनले सरकारले संविधानले दिएको मौलिक हक र निर्देशक सिद्धान्तको उल्लंघन गरिरहेको आरोप लगाएका छन्।

प्रतिनिधि सभाको शुक्रबारको बैठकमा अगामी आर्थिक वर्षको विनियोजन विधेयकको सिद्धान्त र प्राथमिकता माथिको छलफलमा भाग लिने क्रममा उनले सरकारले आस्थाका आधारमा पचासौं मानिसहरूलाई थुनामा राखेर संविधानको मौलिक हक र निर्देशक सिद्धान्तको उल्लंघन गरेको आरोप लगाए।

विचार अभिव्यक्तिको स्वतन्त्रता, शान्तिपूर्वक भेला हुने स्वतन्त्रता, राजनीतिक दल खोल्ने स्वतन्त्रता संविधानले दिएपनि व्यवहारिक रुपमा सरकार विरोधी विचारलाई निषेध नै गर्ने योजना बनाएर अघि बढिरहेको उनले बताए।

‘राजनीतिक दल खोल्ने स्वतन्त्रता छ। तर ठिक यति नै बेला सरकारले आस्थाको आधारमा पचासौं मानिसहरूलाई थुनामा राखेको छ। र एकपछि अर्को मुद्दा लगाइरहेको छ। एकपछि अर्को मानिसहरू पक्राउ गर्ने काम गरेको छ,’ लिङ्देनले भने- ‘सरकारले विरोधी विचारलाई निषेध नै गर्ने योजना बनाएर काम गरिरहेको छ।’

अर्थमन्त्रीले विधेयकको सिद्धान्त र प्राथमिकता उच्च प्राथमिकताका साथ राख्नुभएको मौलिक हक र निर्देशक सिद्धान्तको सरकारले कार्यान्वयन गर्ने अपेक्षा लिएको लिङ्देनले स्पष्ट पारे। जहाँ राजश्वले चालु खर्च धान्दैन त्यसलाई मजबुत बनाउन नियमित नभई विशेष योजना र कार्यक्रमलाई प्राथमिकतामा राख्नुपर्नेमा जोड उनले दिए।

‘अहिलेपनि अर्थतन्त्रको जुन अवस्था छ। जहाँ राजश्वले चालु खर्च धान्दैन। त्यसलाई मजबुत बनाउने भन्नेकुरा नियमित कार्यक्रमले मात्र पुग्दैन। विशेष योजना र विशेष कार्यक्रमबाटमात्र हामी अगाडि जानसक्छौं। अहिलेपनि पूँजीगत र चालु खर्चको अन्तरलाई कसरी घटाउने भन्ने विषयमा ध्यान पुगेको छैन,’ लिङ्देनले भने-‘अझैं पनि पूँजीगत खर्च जुन न्यून छ त्यो पनि व्यवहारमा लागु हुन नसकेको अवस्थामा यो वर्ष व्यवहारमा लागु होस्। अर्थतन्त्रको कुरा गर्दा निजी क्षेत्रमैत्री नै बजेट बन्नुपर्छ। हाम्रो शक्ति भनेको निजी क्षेत्र हो। ऐन कानुनहरू निजी क्षेत्रमैत्री हुनुपर्‍यो।’

# पुँजीगत खर्च दश महिनामा चौँतिस प्रतिशत




काठमाडौँ। चालु आर्थिक वर्ष २०८१/८२ सकिन दुई महिना मात्रै बाँकी रहँदा सरकारको विकास खर्च भने निकै कमजोर देखिएको छ। महालेखा नियन्त्रक कार्यालयको तथ्याङ्कअनुसार गत वैशाख मसान्तसम्ममा करिब एक तिहाइ हाराहारी मात्रै पुँजीगत खर्च भएको देखिएको हो।

चालु आर्थिक वर्षका लागि पुँजीगत शीर्षकमा रु तीन खर्ब ५२ अर्ब ३५ करोड बजेट छुट्याएको सङ्घ सरकारले हालसम्म वार्षिक विनियोजनको ३४ दशमलव १६ प्रतिशत अर्थात् रु एक खर्ब २० अर्ब ३७ करोड बराबर मात्रै खर्च गर्न सकेको कार्यालयले जनाएको छ।

यस्तै, चालुगत शीर्षकमा रु ११ खर्ब ४० अर्ब ६६ करोड विनियोजन भएकोमा वार्षिक लक्ष्यको ६७ दशमलव ७९ प्रतिशत अर्थात् रु सात खर्ब ७३ अर्ब २२ करोड बराबर खर्च भएको छ। वित्तीय व्यवस्था शीर्षकमा हालसम्मको खर्च ७१ दशमलव ९६ प्रतिशत बराबर छ। यो शीर्षकमा रु तीन खर्ब ६७ अर्ब २८ करोड बराबर विनियोजन भएकामा बैशाख मसान्तसम्ममा रु दुई खर्ब ६४ अर्ब २८ करोड खर्च भएको छ।

यसरी चालु आर्थिक वर्षको उक्त अवधिसम्मको कुल बजेट खर्च ६२ दशमलव २४ प्रतिशत बराबर छ। यस वर्ष रु १८ खर्ब ६० अर्ब ३० करोडको बजेट ल्याइएकामा सुरुआती दश महिनामा रु ११ खर्ब ५७ अर्ब ८९ करोड बराबर खर्च भएको महालेखा नियन्त्रक कार्यालयले जनाएको छ।

खर्चको तुलनामा राजस्व सङ्कलन निकै कम हुँदा यो अवधिमा घाटा बजेट रु दुई खर्ब नाघेको छ। बैशाख मसान्तसम्ममा सरकारले रु नौ खर्ब ४९ अर्ब ७६ करोड बराबर मात्रै राजस्व उठाएको छ, अर्थात् यो अवधिमा सरकारको आम्दानीभन्दा खर्च रू दुई खर्ब आठ अर्ब १३ करोडले बढी छ। चालु आवका लागि सरकारले कुल रु १४ खर्ब ७१ अर्ब ६२ करोड राजस्व उठाउने लक्ष्य राखेको थियो। हालसम्मको राजस्व सङ्कलन वार्षिक लक्ष्यको ६४ दशमलव ५४ प्रतिशत बराबर हो।

यस्तै, चालु आर्थिक वर्षका लागि रु ५२ अर्ब ३२ करोड बराबर वैदेशिक अनुदान लिने लक्ष्य राखेकामा हालसम्म लक्ष्यको ३० दशमलव आठ प्रतिशत मात्रै लिइएको छ। वैशाख मसान्तसम्ममा रु १६ अर्ब ११ करोड ८९ लाख बराबर वैदेशिक अनुदान भित्रिएको हो।

कर राजस्वतर्फ रु १२ खर्ब ८४ अर्ब २० करोडको वार्षिक लक्ष्य रहेकोमा हालसम्म ६४ दशमलव ५५ प्रतिशत अर्थात् रु आठ खर्ब २८ अर्ब ९४ करोड उठेको छ। यस्तै, गैरकर राजस्वतर्फ रु एक खर्ब ३५ अर्ब नौ करोड उठाउने वार्षिक लक्ष्य रहेकामा हालसम्म ६९ दशमलव दुई प्रतिशत अर्थात् रु ९३ अर्ब ४९ करोड बराबर गैरकर राजस्व उठेको महालेखा नियन्त्रक कार्यालयको तथ्याङ्कमा उल्लेख छ।

# परम्परागत प्रताप शमशेरको ऐतिहासिक धारा जिर्णोद्वार गरी सञ्चालनमा




पाल्पा। तानसेन नगरपालिका वडा नं. २ असनटोलमा रहेको प्रतापशमशेर राणाले निर्माण गरेको खानेपानीको सार्वजनिकधारा जिर्णोद्वार गरी संचालनमा आएको छ। परम्परागत रुपमा रहेको ऐतिहासिकधाराको नगर प्रमुख सन्तोषलाल श्रेष्ठले शुभारम्भ गरे।

राणा प्रताप शमशेरले बाझाबाट तानसेनमा पानी ल्याई टोल टोलमाधारा वितरण गरी तानसेनवासीलाई पानी खुवाएका थिए। लण्डनबाट प्राविधिक झिकाई खानेपानीको धाराहरु निर्माण गरेको उक्तधारालाई लण्डनधाराको नाम राखिएको छ। तानसेनमा घर घरमा खानेपानीको धारा भए पनि बटुवा, विद्यार्थी तथा सर्वसाधारणहरुको लागीलक्षित गरी तानसेनमा पहिलो पटक सार्वजनिक धारा सञ्चालनमा आएको हो।

तानसेन खानेपानीबाट उपलब्ध गराएको धाराको पानीलाई फिल्टर गरेर मात्र परम्परागत धारामा पठाउने प्रविधि जडान गरी सञ्चालनमा ल्याएको उपभोक्ता समितिकी अध्यक्ष अनुराधा बज्राचार्यले जानकारी दिइन। वडा कार्यालयको १ लाख रुपैयाँ बजेटमा प्रताप शमशेरले पालामा राखिएको परम्परागतधाराको जिर्णोद्धार गरी संचालनमा ल्याइएको हो। अबका दिनमा सर्वसाधारण, पर्यटकहरु पानी पिउनको लागि सुविधा पुगेको छ।

**जग्गा...**

लिङ्देन नेतृत्वको उपसमितिले पोखरा विमानस्थल निर्माणका क्रममा कम्तीमा १० अर्ब रकम भ्रष्टाचार भएको ठहरसहित त्यसमा संलग्न व्यक्तिलाई कारबाहीको सिफारिससहित प्रतिवेदन लेखा समितिलाई बुझाइसकेको छ। भट्टराई नेतृत्वको उपसमितिले भने प्रारम्भिक प्रतिवेदन तयार पारेर बाँकी छलफल गर्न नसकेको र भ्रष्टाचार तथा अनियमितता छानबिनको विषयमै प्रवेश नगरेपछि विवादमा परेको छ।

भट्टराई संयोजकत्वको उपसमितिलाई आयोजना निर्माणमा देखिएका भ्रष्टाचारका विषयमा छानबिन गर्न कार्यादेश दिइएको थियो। उपसमितिको संयोजकमाथि सदस्यहरूले प्रश्न उठाएपछि भट्टराईले आफू उक्त जिम्मेवारीमा नरहने घोषणा गरेका छन्।

सार्वजनिक लेखा समिति सदस्य एवं पुर्व संस्कृति,पर्यटन तथा नागरिक उड्डनमन्त्री प्रेम आलेले भट्टराईको सट्टामा नयां संयोजक चयन गरी छानवीन अघि बढाउनुपर्ने बताउँछन्।

संयोजक भट्टराई विमानस्थल निर्माणको जिम्मेवारी प्राप्त संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रीको जिम्मेवारीमा २०७६ साउन १५ देखि २०७७ पुस ५ सम्म थिए। उनी जिम्मेवारीमा रहेका बेला विमानस्थल निर्माण भइरहेको थियो। भैरहवामा २०७१ माघ १ मा गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल तत्कालीन प्रधानमन्त्री सुशील कोइरालाले शिलान्यास गरेका थिए भने २०७९ जेठ २ मा तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाले उद्घाटन गरेका थिए।

विमानस्थल निर्माणमा निर्णय गर्ने क्रममा एमालेकै मन्त्रीहरू संलग्न रहेकाले लेखा उपसमितिको छानबिन संयोजकमा एमालेकै सांसद बनाउन नहुने प्रश्न उठेको छ।

उपसमितिमा कांग्रेसका प्रमुख सचेतक श्यामकुमार घिमिरे र सांसद मञ्जु खाण, एमालेबाट योगेश भट्टराई, अच्युत मैनाली र सराज अहमद फारुकी, रास्वपाका मनीष झा, राप्रपाका विक्रम पाण्डे र स्वतन्त्र सांसद अमरेशकुमार सिंह गरी ८ सदस्य छन्।

सांसद अमरेश सिंह उपसमिति विमानस्थल निर्माणमा देखिएका अनियमितताको छान बिनमा प्रवेश नै नगरेको बताउँछन्। ‘मुख्य रूपमा जग्गा मुआब्जामा अनियमितता भएको छ, बाटो नभएको जग्गामा पनि बाटो देखाएर बढी मूल्यमा अधिग्रहण गरिएको छ, महँगो मूल्य तिरेर किनिएको बारे छानबिन प्रवेश नै गरेको छैन।’- सिंहले भने।

संस्कृति,पर्यटन तथा नागरिक उड्डयन राज्यमन्त्री अरुण चौधरीले विमानस्थलका लागि अधिग्रहण गरिएको तर कुनै उपयोग नभएको जग्गाको स्थलगत निरीक्षण गर्दा उक्त जग्गा अधिग्रहण र मुआब्जा वितरणमाथि प्रश्न उठेको बताए।

‘यस्तो खोला हिंड्ने खाल्डैखाल्डा आसपास भारतसंगको सीमा नजिकसम्म किन, कसरी कमसल जग्गा खरिद गरियो होला म आश्चर्यमा परेको छु’-मन्त्री चौधरीले भने-‘यो विषयमा छानवीन जरुरी छ,त्यसपछि यथार्थ कुरा आउला।’

विमानस्थलका तत्कालीन आयोजना प्रमुख ओम शर्मा, प्रवेश अधिकारी र प्रभुराम थापाको पालामा विमानस्थलको जग्गा अधिग्रहण र मुआब्जा वितरण भएको थियो। एक पूर्व आयोजना प्रमुखले पोखरा विमानस्थललाई उदाहरण बनाएर भैरहवामा पनि त्यस्तै भए होला भनिहाल्न नमिल्ने बताए। उनले जग्गाको उपयोगिता अध्ययन गरेरै अधिग्रहण गरिएको बताए। ‘विमानस्थल २०-२५ वर्षका लागि नभई सयौं वर्षका लागि बन्ने भएकाले यसमा यति नै जग्गा हुनुपर्छ भन्ने हुँदैन,’ उनले भने-‘भविष्यमा आन्तरिक उडान विस्तार, जहाज मर्मतका लागि ह्याङ्गर, राडार, हेलिप्याड, आर्मी, प्रहरी, भन्सार, एभिएसन स्कूल, इन्धन डिपो सम्मका लागि जग्गा चाहिने भएर धेरै जग्गा अधिग्रहण भएको हो।’

जग्गाको मूल्य निर्धारणमा प्रमुख जिल्ला अधिकारी, मालपोत कार्यालय र स्थानीयको समेत संलग्नता हुने भएकाले आयोजना प्रमुख मात्रै दोषी नहुने उनको तर्क छ। ‘राजनीतिक दाउपेचका कारण पनि यस्ता विषयहरु आउने गरेका छन्,यद्यपि लेखा समिति सदस्य र विभागीय मन्त्रीबाटै प्रश्न उठेपछि छानवीन गरेर सत्यतथ्य उजागर गर्नु उपयुक्त हुन्छ।’-उनको भनाइ छ। भविष्यमा जग्गा उपलब्ध नहुने अवस्था नआओस् भनेर जग्गा अधिग्रहण गरिएको भन्दै उनले यसबाट राज्यलाई हानी नभएको बताए।

२०७१ माघ १ मा निर्माण शुरु भएको गौतमबुद्ध विमानस्थल २०७९ जेठ २ गते उद्घाटन भएको थियो। विमानस्थलको आईसीपी १ निर्माणमा ६ अर्ब ६३ करोड भुक्तानी भएको छ भने आईसीपी २ निर्माणमा ४५ लाख १५ हजार ६०९ अमेरिकी डलर र ७९ लाख ८ हजार रुपैयां गरी अहिलेको विनिमय दर अनुसार कूल ६३ करोड रुपैयां बढी भुक्तानी भएको नागरिक उडड्नयन प्राधिकरणले जनाएको छ। कूल लागतमध्ये एशियाली विकास बैंकको ऋण र अनुदान ३७ मिलियन अमेरिकी डलर, ओपेक फण्ड फर इन्टरनेसनल डेभलपमेन्टको ऋण करिब ११ मिलियन अमेरिकी डलर र २८.१ मिलियन अमेरिकी डलर नेपाल सरकारको लगानी भएको छ। यस वाहेक जग्गाको मुआब्जा वितरणमा मात्रै २२ अर्ब ६८ करोड ७६ लाख बढी खर्च भएको नागरिक उड्डयन प्राधिकरणले दिएको तथ्यांकमा उल्लेख छ।

आवश्यकताभन्दा बढी जग्गा खरिद भएको उपसमिति सदस्यहरुको भनाइको प्रतिवाद गर्दै प्राधिकरणले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको बलियो विकल्पको रुपमा अन्तर्राष्ट्रिय विमानस्थल संचालन गर्ने उद्देश्यले मन्त्रिपरिषद्को २०७२ पुस २९ तथा २०७३ बैशाख ७ को निर्णयबमोजिम करिब ४५३ बिघा जग्गा अधिग्रहण भएको र अन्य करीब ४७ बिघा सार्वजनिक जग्गा (पर्ती, ऐलानी, खोला, कूलो आदी) गरी करिब ५०० बिगाहा मात्र रहेको भनेको छ।

बाटो/सडकले जोडिएको जग्गाको सम्बन्धमा नापी कार्यालयवाट सडक बाटो प्रमाणित कागजात, सम्बन्धित वडा कार्यालयको सिफारिस (चार किल्ला प्रमाणित) कागज तथा सडक जोडिएको तिरो तिरेको रसिद प्राप्त हुने भएकोले जग्गा अधिग्रहण र मुआब्जा वितरणका क्रममा कुनै प्रक्रियागत प्रश्न नभएको प्राधिकरणले दाबी गरेको छ।

गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको जग्गा अधिग्रहणको निर्णय तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको मन्त्रिपरिषद्ले गरेको थियो। ओली पहिलोपटक २०७२ असोज २५ देखि २०७३ साउन १९ सम्म प्रधानमन्त्री बनेका थिए। सोही समयमा विमानस्थलका लागि जमिन खरिदको निर्णय भएको थियो। विमानस्थलको निर्माण कार्य हुँदा पनि ओली प्रधानमन्त्री थिए। उनको नेतृत्वमा दोस्रोपटक २०७४ फागुन ३ देखि २०७८ बैशाख ३० सम्म सरकार थियो। विमानस्थलको शिलान्यास भने कांग्रेसबाट प्रधानमन्त्री बनेका सुशील कोइराला र उद्घाटन शेरबहादुर देउवाले गरेका थिए। शिलान्यास २०७१ माघ १ मा र उद्घाटन २०७९ जेठ २ मा भएको थियो।

विमानस्थलको गुरुयोजनाबमोजिम कूल उपलब्ध जग्गालाई धावनमार्ग, ट्याक्सी-वे, जहाज पार्किङ क्षेत्र, टर्मिनल भवन, एयर ट्राफिक कन्ट्रोल टावर, विभिन्न इक्वीपमेन्ट एरिया, फ्लाइट क्याटरिङ, डिजास्टर रेस्पोन्स तथा विमानस्थल उद्धार तथा अग्नि निवारण भवन तथा वारुणयन्त्र पार्किङ्को लागि जग्गा खरिद गरिएको प्राधिकरणको भनाइ छ।

त्यस्तै, विमानस्थलको सर्भिलान्स एरिया-राडारको लागि, विमानस्थलको गुरुयोजनाबमोजिम भविष्यमा निर्माण गर्नुपर्ने अन्तर्राष्ट्रिय टर्मिनल भवन, आयल निगम डिपो, कार्गो टर्मिनल भवन, हेलिप्याडदेखि हेलि टर्मिनल, जलवायु तथा मौसम पुर्वानुमान कार्यालयका लागि आवश्यक संरचना तथा सवारी साधन पार्किङको लागि जग्गा प्रयोग गरिएको भनिएको छ। उक्त जग्गामध्ये कर्मचारी आवास गृह र अन्य प्रशासनिक भवन निर्माणको लागि समेत करिब ४० बिगाहा छुट्याइएको प्राधिकरणको प्रस्टीकरण छ।

उद्घाटनको तीन वर्ष पुगेपनि नियमित अन्तर्राष्ट्रिय उडान नहुंदा विमानस्थललाई लक्षित गरी होटेल र पर्यटन क्षेत्रमा निजी क्षेत्रबाट भएको करिब एक खर्ब रुपैयाँ लगानी संकटमा परेको व्यवसायीहरुको गुनासो छ। भैरहवाका व्यवसायिक संघसंस्थाहरुले अन्तर्राष्ट्रिय उडान माग्दै बारम्बार आन्दोलन गरिरहेका छन्।

**श्री रुद्रपुर माध्यमिक विद्यालय**
**कञ्चन-४, रुपन्देही**

## आवश्यकता।

यस विद्यालयको विद्यालय व्यवस्थापन समितिको मिति २०८२-०१-३१ को बैठकको निर्णय तथा कञ्चन गाउँपालिकाको च.नं. १५२९ मिति २०८२-०२-०२ गतेको कार्यालय सहयाक (लेखापाल) को पदपूर्तिको लागि प्राप्त अनुमति पत्रानुसार यस विद्यालयमा रिक्त रहेको कार्यालय सहायक (लेखापाल) पदमा रही काम गर्नका लागि कार्यालय सहायक (लेखापाल) को पदपूर्ति गर्नु पर्ने भएकोले तपसिलको योग्यता पुगेका इच्छुक नेपाली नागरिकबाट रितपूर्वकको दरखास्त आह्वान गरिन्छ।

**तपसिलः**

- **विज्ञापन नं.**: ०३/ ०८१/०८२   - **पद** : कार्यालय सहायक (लेखापाल)   - **संख्याः** १ जना
- **न्यूनतम शैक्षिक योग्यताः** मान्यता प्राप्त शैक्षिक संस्थाबाट व्यवस्थापन विषयमा कक्षा १२ वा सो सरह उत्तीर्ण गरेको।
- **तलब स्केलः** नेपाल सरकारको नियमानुसार।   - **उमेरः** १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको
- **निवेदन दिने अन्तिम मिति** : २०८२-०२-१६ शुक्रवार दिउसो ४:०० बजे सम्म
- **सम्पर्क मिति** : २०८२-०२-१६ गते दिउसो ४:०० बजे पछि
- **परीक्षा किसिमः** लिखित तथा अन्तरबार्ता आवस्यक परेमा प्रयोगात्मक समेत हुने छ।
- **परीक्षा मितिः** सम्पर्क मितिमा तोकिने छ।   - **निवेदन दस्तुरः** १०००।-
- **आवश्यक कागजातहरु**
  - नेपाली नगरिकताको प्रमाणपत्रको प्रतिलिपि
  - शैक्षिक योग्यताका प्रमाणपत्रहरुको प्रतिलिपि (एस.एल.सी वा सो सरह भन्दा माथिका सबै)
  - अनुभव भएमा अनुभवका प्रमाणपत्रका प्रतिलिपिहरु
  - विदेशी संस्थाबाट उत्तीर्ण उम्मेदवारहरुले अनिवार्य रुपमा समकक्षता पेश गर्नु पर्नेछ।

**थप जानकारीको लागि सम्पर्क नम्बरहरु :**
९८४७०८२८१२. ९८१३९३४६६२,९८४७२४७४१०

**प्रधानाध्यापक**

**Malarani Rural Municipality**
**Khanadaha, Arghakhanchi**
**Lumbini Province, Nepal**

## Invitation for Bids

**Date of publication: 16 May, 2025 (2082/02/02)**

Malarani Rural Municipality, Khanadaha Arghakhanchi invites electronic Sealed Quotations/Bids from eligible bidders for the procurement of goods as mentioned below:

| SN | Contract Name | Identification No. | Bid Document Fee (NPR) | Bid security Amount (NPR) | Last Date of Bid Submission |
|---|---|---|---|---|---|
| 1. | Procurement and Supply of Books for Malarani Rural Municipality | RE-MRM/G/SQ/ 2081/082/27 | 1000.00 | 12,000.00 | 01/06/2025 12:00 (2082/02/18) |

For more details, please visit PPMO website: www.bolpatra.gov.np/egp. or www.malaranimun.gov.np. or scan the QR code for full notice.

## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार
प्रो. रामशाह शाहानी



**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

## ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुखानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

# न्यू होराइजनमा ३२ खेलाडी सम्मानित



बुटवल । न्यू होराइजन स्पोर्टस् क्लबले न्यू होराइजन माविबाट कक्षा १२ को परीक्षा दिएका विद्यार्थी खेलाडीलाई सम्मान गरेको छ ।

क्लबले एक कार्यक्रम आयोजना गरी भलिबल, एथलेटिक्स लगायत विभिन्न विधाका ३२ जना खेलाडीलाई सम्मान गरेको हो ।

सो अवसरमा न्यू होराइजन अंग्रेजी आवासीय माविका प्राचार्य लोकनाथ उपाध्यायले खेलकुद र अध्ययनलाई संगसंगै बराबर महत्व दिएर अघि बढ्न विद्यार्थीहरुलाई सुझाव दिए । खेलकुदमा राम्रो गर्ने विद्यार्थीलाई सरकारी र निजी दुबै क्षेत्रमा राम्रो अवसरहरु रहेको उनले उल्लेख गरे । न्यू होराइजन संस्था अन्तर्गत उच्च शिक्षामा विभिन्न विषय पढाइ हुने कलेजहरु समेत सञ्चालनमा रहेको उल्लेख गर्दै उपाध्यायले त्यहां पढ्न चाहने विद्यार्थीलाई छुट र पूर्ण छात्रवृत्तिको सुविधा समेत रहको जानकारी गराए ।

न्यू होराइजन स्पोर्टस् क्लबका अध्यक्ष चेतनबहादुर उचै ठकुरीले क्लब विद्यालयको अभिन्न अंग भएको उल्लेख गर्दै विद्यालय तहबाटै खेलाडी उत्पादन गर्न विद्यालयले १६ जना विभिन्न विधाका खेल प्रशिक्षक नियुक्त गरेर खेल क्षेत्रमा ठूलो योगदान गरेको बताए ।

सो अवसरमा क्लबका संस्थापक अध्यक्ष प्रकाश खनाल, उपाध्यक्ष बालकृष्ण बस्याल, सचिव एलबी खनाल,सदस्य मिलन राना, भलिबल खेलाडी सूर्य विक लगायतले बोल्दै खेलाडी उत्पादन र खेलकुदको विकासमा न्यू होराइजन संस्था र न्यू होराइजन स्पोर्टस् क्लबको सहकार्य अनुकरणीय रहेको बताए ।

# सिङ्गिङ स्टार नेपालको टप ५ मा पुगे आशिष



बुटवल । आफ्नो साङ्गीतिक प्रतिभाका कारणले सुदूरपश्चिम प्रदेशले फेरि एकपटक देशभर चर्चा कमाएको छ । कञ्चनपुरको वेदकोट नगरपालिका-४, बैतडाका २२ वर्षीय गायक आशिष चन्द (असीम)ले नेपालको चर्चित गायन रियालिटी शो 'सिङ्गिङ स्टार नेपाल सिजन-१' मा ग्राण्ड फिनालेमा आफ्नो स्थान सुरक्षित बनाएर सुदूरपश्चिमको नाम उजागर गरेका छन् ।

सानैदेखि सङ्गीतमा रुचि राख्ने असीमको सुमधुर आवाज र प्रस्तुतिले यसअघि 'द भ्वाइस नेपाल' मा पनि दर्शक र निर्णायकको मन जितेको थियो ।

बिसं २०६० साल कार्तिक २० गते जन्मेका आशिषले 'सिङ्गिङ स्टार नेपाल' मा प्रस्तुत गरेको गायनले फेरि सबैलाई मन्त्रमुग्ध बनाएको छ । उनको यो यात्राले सुदूरपश्चिमका युवा कलाकारहरूमा नयाँ जोस र प्रेरणा थपेको छ ।

कक्षा ४ मा पढ्दादेखि नै गीत गाउन थालेका आशिषले सम्पूर्ण सुदूरपश्चिमवासी र नेपाली दर्शकलाई आफ्नो यो साङ्गीतिक यात्रामा साथ दिन आग्रह गरेका छन् । उनको समर्थनमा भोटिङ आइतबार राति १०:३० बजेदेखि सुरु भई जेठ ३ गते राति ८ बजे सम्म चल्नेछ । उनले सम्पूर्ण सुदूरपश्चिबासीलाई भोट गरिदिन आग्रह गरेका छन् ।

कञ्चनपुरबाट राष्ट्रिय मञ्चसम्म पुग्ने उनको दूरीले सुदूरपश्चिमको सङ्गीत क्षेत्रमा नयाँ सम्भावनाको ढोका खोलेको छ । यसअघि भोईस अफ नेपाल नामक रियालिटि शोमा पनि सहभागि भै ब्याटल राउण्डसम्मको यात्रा पुरा गरेका आशिषको यो उपलब्धि सुदूरपश्चिमका बिभिन्न जिल्लाका युवाहरूका लागि ठुलो प्रेरणा बनेको छ ।

# मर्निङवाक हिंडेका दुई महिलाको कारको ठक्करबाट मृत्यु



कपिलवस्तु । कारको ठक्करबाट कपिलवस्तुको बुद्ध भूमि नगरपालिकामा दुई जनाको मृत्यु भएको छ। बुद्धभूमि-१, वसन्तपुरमा शुक्रबार बिहान बा ए बी ९५९९ नम्बरको कारले ठक्कर दिएको हो । मृत्यु हुनेमा ६० वर्षीया शान्ता खत्री र ६५ वर्षीया तिलकुमारी रायमाझी छन् । उनीहरुलाई जिल्ला अस्पताल तौलिहवा लगिँदै गर्दा बाटोमै मृत्यु भएको इलाका प्रहरी कार्यालय गोरुसिङ्गेका प्रहरी निरीक्षक विराट शर्मा पौडेलले जानकारी दिए ।

बिहान साढे ४ बजे नै उठेर मर्निङवाक निस्केका उनीहरुलाई कारले ठक्कर दिएको जिल्ला प्रहरी कार्यालय, कपिलवस्तुले जनाएको छ । विहानको करिब पौने ६ बजे कारले ठक्कर दिएपछि उद्धार गरी उपचारका लागि अस्पताल लैजाँदै गर्दा दुबै जनाको मृत्यु भएको हो ।

कार तीव्र गतिमा आएको प्रहरीले जनाएको छ । ७ जनाको परिवार लिएर कुल पूजामा गएर फर्किएको गाडी रहेको उनले जनाए ।

कार चालक रुपन्देही, सैनामैना नगरपालिका-५ निवासी ३२ वर्षीय खिमराज श्रेष्ठलाई प्रहरीले नियन्त्रणमा लिएको छ । श्रेष्ठले नयाँ कार किनेर सुपा देउराली मन्दिरमा पूजा गर्न गएका थिए । फर्किने क्रममा उक्त दुर्घटना भएको हो ।

# हावाहुरीले रुख ढाल्दा दुई जनाको मृत्यु

बुटवल । हावाहुरीले रुख ढाल्दा च्यापिएर पश्चिम नवलपरासीको सुनवलमा दुई जनाको मृत्यु भएको छ ।

रुखले च्यापेर सुनवल ७ निवासी ३० वर्षीया मिरा बयम्बु र सोही वडाका ४० वर्षीय दुर्गाबहादुर पुनको मृत्यु भएको इलाका प्रहरी कार्यालय सुनवलका प्रमुख सन्तोष पौडेलले जानकारी दिए । रुखले च्यापेर स्थानीया ४० वर्षीय नरमती परियार, ५१ वर्षीय दुर्गेश्वरा खाम्चा र २२ वर्षीय अनिल थापा घाइते भएका छन् ।

पूर्व-पश्चिम राजमार्गबाट दक्षिणतर्फ ज्यामिरे सडक खण्डको चारपालामा शुक्रबार हावाहुरीसहित आएको पानीबाट जोगिन उनीहरू प्रतिक्षालयमा ओत लागेका थिए । ठूलो रूख प्रतीक्षालयमाथि ढलेपछि प्रतिक्षालय भत्किएको प्रहरीले जनाएको छ ।

घाइतेहरुको देवदह मेडिकल कलेज भलुहीमा उपचार भइरहेको छ ।

## पाणिनीको वित्तीय अनुशासनमा उत्कृष्टताः

# प्रदेशमै प्रथम, राष्ट्र्व्यापी छैठौं स्थान




**अविजित पन्थी**

*अर्घाखाँची*

नेपालको संघीय संरचना कार्यान्वयनसँगै स्थानीय तहहरूमा बजेट कार्यान्वयन, सार्वजनिक सम्पत्ति व्यवस्थापन, वित्तीय पारदर्शिता र जवाफदेहीताका सवालमा विविध प्रयोग हुँदै आएका छन् । यिनै अभ्यासहरूका बीच अर्घाखाँची जिल्लाको पाणिनी गाउँपालिकाले आर्थिक अनुशासनको दृष्टिले देशभरकै स्थानीय तहहरूबिच आफूलाई एक अग्रणी नमूनाका रूपमा उभ्याएको छ। आर्थिक वर्ष २०८०/०८१ को लेखापरीक्षण प्रतिवेदनले पाणिनी गाउँपालिका लुम्बिनी प्रदेशमै सबैभन्दा कम बेरुजु देखिएको पालिकाका रूपमा चिनिएको छ ।

महालेखा परीक्षकको कार्यालयले सार्वजनिक गरेको ६२औँ वार्षिक प्रतिवेदनका अनुसार, अर्घाखाँची जिल्लाभित्र रहेका ३ नगरपालिका र ३ गाउँपालिका गरी जम्मा ६ वटा स्थानीय तहमा समेटिएको वित्तीय विवरण अध्ययन गर्दा पाणिनी गाउँपालिकाको वित्तीय कार्यसम्पादन अनुकरणीय देखिएको छ । पाणिनी गाउँपालिका अब नेपालका ७५३ वटै स्थानीय तहहरूमध्ये छैठौं कम बेरुजु देखिएको पालिका बनेको छ । यो उपलब्धिले पाणिनीलाई एउटा नीतिगत, प्रशासनिक र आर्थिक नमूना तहका रूपमा स्थापित गराएको छ ।

६२औँ वार्षिक प्रतिवेदनअनुसार, अर्घाखाँची जिल्लाका सबै स्थानीय तहको लेखापरीक्षण गर्दा जम्मा १० अर्ब ६ करोड ४० लाख १७ हजार रुपैयाँको लेखा परीक्षण गरिएको थियो । यसमध्ये ५ करोड १ लाख २३ हजार रुपैयाँ मात्र बेरुजु देखिएको छ । यथार्थमा, यो संख्या अघिल्लो वर्षको तुलनामा उल्लेखनीय रूपमा घटेको हो। आर्थिक वर्ष २०७९/८० मा अर्घाखाँची जिल्लामा १० करोड ३२ लाख ८ हजार रुपैयाँ बेरुजु देखिएको थियो । यस अर्थमा, पछिल्लो वर्षमा जिल्लाको समग्र बेरुजु ५ करोड ३० लाख ८५ हजार रुपैयाँले घटेको हो ।

पाणिनी गाउँपालिकाको विवरण हेर्दा आर्थिक वर्ष २०७९/८० मा १ अर्ब ६८ करोड ५० लाख २५ हजार रुपैयाँको लेखापरीक्षण हुँदा १ करोड ३ लाख ६ हजार रुपैयाँ बेरुजु देखिएको थियो, जुन कुल रकमको ०.६१ प्रतिशत हो। तर हालै प्रकाशित ६२औँ प्रतिवेदन अनुसार, आर्थिक वर्ष २०८०/८१ मा १ अर्ब ४४ करोड ५० लाख ४८ हजार रुपैयाँको लेखापरीक्षण गर्दा जम्मा १५ लाख ३५ हजार रुपैयाँ मात्र बेरुजु देखिएको छ, जुन ०.११ प्रतिशतमा सीमित छ ।

अर्थात् एक वर्षको अन्तरालमै पाणिनीले ८७ लाख ७१ हजार रुपैयाँको बेरुजु घटाएको छ । यस किसिमको घटोत्तरीले पाणिनी गाउँपालिकाको आन्तरिक वित्तीय अनुशासन, लेखा प्रणाली, सार्वजनिक बजेट उपयोग र कार्यान्वयनमा देखिएको नियमितता तथा पारदर्शिता पुष्टि गर्छ ।

प्रमुख प्रशासकीय अधिकृत रोमनाथ न्यौपाने भने-“हामीले सरकारी रकमलाई व्यक्तिगत स्वार्थ वा बाह्य दबाबअनुसार होइन, कानुनी प्रक्रिया, मापदण्ड र दस्तावेजगत आधारमा मात्र खर्च गर्ने कार्यपद्धति अपनाएका छौं ।” उनका अनुसार योजना छनोटदेखि सम्झौता, अनुगमन, मूल्यांकन, भुक्तानी र अन्तिम लेखासम्मका सबै चरणहरू स्पष्ट, लेखापरक र प्रक्रियागत छन्। लेखा शाखा केवल बिल पास गर्ने ठाउँ नभई, नियम पालना गराउने संयन्त्रको रूपमा काम गर्ने अवधारणा पालिकाले स्थापित गरिसकेको छ । योजनाको सुरुवातमै उपभोक्तासँग स्पष्ट मापदण्ड बनाउने, सामाग्रीको गुणस्तर जाँच, अनुगमन टोली गठन र आवश्यकता अनुसार पुनः परीक्षणको अभ्यासले निर्माण कार्यमा पनि जवाफदेहिता कायम गरेको छ ।

“अबको हाम्रो लक्ष्य शून्य बेरुजु हो,” प्रमुख प्रशासकीय अधिकृत न्यौपानेले भने-“यसका लागि हामी अझ सतर्कता र प्रतिबद्धताका साथ अघि बढिरहेका छौं ।”

पालिका अध्यक्ष टेकराज न्यौपानेका अनुसार सुशासनको आधार पारदर्शिता, सहभागिता र सहकार्य हो । उनी भन्छन्-“हामीले नीति निर्माणदेखि कार्यान्वयनसम्मको प्रक्रियामा सामूहिकता, जवाफदेहिता र जनसहभागितालाई प्राथमिकता दिएका छौं । योजना छनोटदेखि अनुगमनसम्म सबै चरणमा स्थानीय तह, उपभोक्ता समिति र नागरिक समाजको सक्रिय सहभागिता सुनिश्चित गरिएको छ ।” उनले पाणिनीलाई केवल भौतिक संरचना बनाउने संस्था नभई, सामाजिक रूपान्तरणको केन्द्रका रूपमा परिकल्पना गरिएको उल्लेख गरे ।

अध्यक्ष न्यौपानेले सुशासन कायम राख्न हामीले अनुगमनलाई संस्थागत बनाएका छौं। प्राविधिकहरूको जिम्मेवारी तोकिनुका साथै उपभोक्ता समितिलाई तालिम दिइएको छ, र बजेट खर्च नियमन गर्न लेखा प्रणाली सुदृढ पारिएको बताए ।

उपलब्धिको श्रेय सबै पक्षलाई दिँदै दुवै नेतृत्वले जनप्रतिनिधि, कर्मचारी, उपभोक्ता समिति, प्राविधिक र नागरिकको समन्वय नै पाणिनीको सफलताको आधार रहेको बताएका छन् ।

छत्रदेव गाउँपालिकाको हकमा भने १ अर्ब ३८ करोड ९६ लाख ८४ हजार रुपैयाँको लेखा परीक्षण हुँदा ५१ लाख ४५ हजार रुपैयाँ बेरुजु देखिएको छ, जुन ०.३७ प्रतिशत हो । मालारानी गाउँपालिकामा १ अर्ब ५२ करोड ५६ लाख ३७ हजारको परीक्षण हुँदा १ करोड ७ लाख ९६ हजार रुपैयाँ (०.७१ प्रतिशत) बेरुजु देखिएको छ ।

यस्तै, सन्धिखर्क नगरपालिकामा २ अर्ब १२ करोड ३१ लाख ९९ हजारको लेखा परीक्षण हुँदा १ करोड ९२ लाख ७९ हजार रुपैयाँ बेरुजु देखिएको छ, जुन ०.९१ प्रतिशत हो । सन्धिखर्कमा अघिल्लो वर्ष ९५ लाख ७३ हजार रुपैयाँ बेरुजु देखिएको थियो । भूमिकास्थान नगरपालिकामा १ अर्ब ६५ करोड ७० लाख २५ हजारको परीक्षण हुँदा ३१ लाख ११ हजार रुपैयाँ (०.१९ प्रतिशत) बेरुजु देखिएको हो । भूमिका स्थान नगरपालिकाको नतिजा पनि राम्रो देखिएको छ । नगरपालिका लुम्बिनी प्रदेशमै तेस्रो स्थानमा रहेको छ ।

देशकै ठूलो नगरपालिकाका रूपमा परिचित शितगंगा नगरपालिकाको हकमा पनि १ अर्ब ९२ करोड ३४ लाख २४ हजार रुपैयाँको लेखा परीक्षण गर्दा १ करोड २ लाख ५७ हजार रुपैयाँ अर्थात् ०.५३ प्रतिशत बेरुजु देखिएको छ ।







सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com